ISSN: 3021-9353
Online

# सञ्चय कोष
ई-न्यूज़लेटर

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

वर्ष ११ । अंक ४५ ।
२०८० कार्तिक-पौष

# शाखा कार्यालय सुर्खेतको नवनिर्मित भवन उद्घाटन




शाखा कार्यालय सुर्खेतको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । मिति २०८० पौष ५ गते कोषका सञ्चालक समितिका अध्यक्ष डा. रामप्रसाद घिमिरेबाट उद्घाटन कार्य सम्पन्न भएको हो । उक्त कार्यक्रममा डा. रामप्रसाद घिमिरेले स्थानीय स्तरमा नै कर्मचारीहरूलाई सेवा दिने उद्देश्यले अन्य भाडाको कार्यालयबाट सेवा दिँदै आएको कोषले अब आफ्नै भवनबाट सेवा दिने बताउनु भयो । त्यसैगरी उहाँको थप भनाइ थियो, “व्यक्ति बन्नु भन्दा संस्था बन्नु ठूलो कुरा हो, त्यसैले आफ्नो काम प्रभावकारी ढङ्गबाट गर्नसके त्यसको गुणात्मक असर संस्थामा पर्दछ” । कोषका लागि आफूले गर्न सक्ने सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्दै उहाँले कोषका कर्मचारीहरूले पनि टेबुलमा आएका कामलाई कामको रूपमा मात्र नहेरी सेवाग्राहीको भावनाले काम गर्नुपर्दछ भन्नु भयो ।

सोही अवसरमा कार्यक्रमका सभाअध्यक्ष तथा कोषका प्रशासक जितेन्द्र धितालले शाखा कार्यालय कोहलपुरको भवनलाई हेर्दा तुलनात्मक रूपमा सुर्खेतको भवन नबन्ने हो कि भन्ने चिन्ता थियो तर निर्माण व्यवसायीले निभाएको भूमिकाले गर्दा अप्ठेरो स्थितिमा पनि सहजताको साथ काम सम्पन्न भई समुद्घाटन गर्ने अवसर पाएको बताउनु भयो । उहाँले समष्टिगत रूपमा ढिलै भए पनि आयोजना सम्पन्न भएकोमा खुसी व्यक्त गर्नुभयो । कोषको दीर्घकालीन लक्ष्य र कोषले लिएको रणनीति उल्लेख गर्दै कोषको रणनीति अनुसार नै कोषले आफ्ना कर्मचारीहरूलाई उत्प्रेरणा प्रदान गर्न र कोषको गरिमा बढाउन सुर्खेतमा पनि आफ्नै भवन निर्माण गर्नुपरेको समेत उहाँले बताउनुभयो ।

कोषका सहप्रशासक जीवन कट्वालले वि.सं. २०६२ सालमा नेपालगञ्जबाट शाखा कार्यालय सुर्खेतको रूपमा वीरेन्द्रनगरमा कोष कार्यालय स्थान्तरण गरेको स्मरण गराउँदै स्वीकृत लागतभन्दा कम लागतमा नवनिर्मित भवन निर्माण भएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले कोषको सञ्चालन बजेटलाई पूँजीकृत गरी बनाइएका स्थायी सम्पत्तिले कोषको दीगो सुदृढीकरण र सञ्चयकर्ताका धनवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि,




अतिथिहरू र अन्य सहभागीहरूलाई शब्द गुच्छाहरूद्वारा स्वागत

क्रमश...

गर्दै शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख रवि तामाङले विकट प्रदेशको रूपमा रहेको कर्णाली प्रदेशका सञ्चयकर्ताहरूलाई कोषले प्रभावकारी रूपमा सेवा प्रवाह गर्दै आइरहेको जानकारी गराउनु भएको थियो भने आगामी दिनहरूमा सेवा प्रवाहलाई



अझ बढी सुदृढ र थप प्रभावकारी बनाउँदै लगिने प्रतिबद्धता व्यक्त गर्दै नवर्निमित भवन तथा भौतिक पूर्वाधारले दीर्घकालीन लक्ष्य प्राप्तिमा सकारात्मक भूमिका खेल्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

समुद्घाटन कार्यक्रमको प्रारम्भमा कार्यालय प्रमुखले प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूलाई प्रवेशद्वारमा फूलका गुच्छाहरूद्वारा स्वागत गर्नु भएको थियो भने शाखा कार्यालयका सहायक प्रबन्धक बिन्दू पाण्डे पन्थले खादा लगाई पाहुनाहरूलाई स्वागत गर्नु भएको थियो । सौहार्दपूर्ण वातावरणमा सञ्चालित कार्यक्रममा कार्यक्रमका सभाध्यक्ष तथा कोषका प्रशासक जितेन्द्र धिताल, प्रमुख अतिथि नेपाल सरकारका राजस्व सचिव तथा कोष सञ्चालक समितिका अध्यक्ष डा.रामप्रसाद घिमिरे, विशेष अतिथि नेपाल सरकार अर्थ मन्त्रालयका सहसचिव तथा कोषका सञ्चालक जनकराज शर्मा, अतिथिहरूमा सह-प्रशासकद्वय जीवन कुमार कट्वाल र का.मु. सहप्रशासक भरतराज वस्ती, मुख्य प्रबन्धक ठाकुर जंग थापा, का.मु.मुख्य प्रबन्धक शान्ता गौतम, वरिष्ठ प्रबन्धक रमेश बेल्वासे र कमल अर्यालको उपस्थिति रहेको थियो भने कोषमा विद्यमान यूनियनहरू नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष बद्रिराज खड्का सञ्चयकोष कमचारी संघका अध्यक्ष धर्म प्रसाद मैनाली र नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष रामहरी गौतम कार्यक्रममा उपस्थित भई मन्तव्य दिनुभएको थियो ।

नवनिर्मित भवनमा सञ्चालित कार्यक्रममा सन्लाइट वाई एस.एस. जे.भी. कम्पनीको तर्फबाट कम्पनीका संचालक श्री यम बहादुर बि.सी. को समेत उपस्थिति थियो भने भवन निर्माण सम्बन्धी प्रतिबेदन समेत प्रस्तुत गर्दै कार्यक्रमको उद्घोषण तथा सञ्चालन सम्पत्ति व्यवस्थापन विभागका विभागीय प्रमुख तथा का.मु.मुख्य प्रबन्धक शान्ता गौतमले गर्नुभएको थियो ।

# स्वास्थ्य उपचारका लागि अस्पताल तोकिए

कोषले स्वास्थ्य उपचार गर्नका लागि निश्चित अस्पताल तोकेको छ । यस भन्दा अघि नेपालमा कानूनीरूपमा स्थापित जुन सकै अस्पताल, नर्सिङ्होम वा नेपालमा उपचार सम्भव नभएमा विदेशका अस्पतालमा भएको उपचार खर्च समेत सोधभर्ना हुने गरेकोमा अब तोकिएको अस्पतालमा उपचार गरेमा मात्र त्यसको सोधभर्ना हुने छ । उपचारको लागि तोकिएका अस्पतालको सूची कोषको website मा प्रकाशित गरिएकोछ ।



# सञ्चयकर्ता दम्पतीलाई स्वास्थ्य उपचार सुविधा

कोषले २०८० फागुन १ गतेदेखि लागू हुने गरी सञ्चकर्ता दम्पतीलाई स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने भएको छ । पहिले सञ्चयकर्तालाई मात्र उपलब्ध गराइँदै आएको सो सुविधा सञ्चयकर्ता दम्पतीले समेत प्राप्त गर्ने व्यवस्था गरिएको हो ।

कोषले २०७६ सालदेखि सञ्चयकर्ताले अस्पतालमा भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक आर्थिक वर्षमा बढीमा रू एक लाख र घातक रोगको हकमा सेवा अवधिभरमा रू १० लाखसम्मको स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउँदै आएको छ ।

सञ्चयकर्तालाई मात्र उपलब्ध गराइएको सो सुविधा अब सञ्चकर्ताका पति वा पत्नीलाई पनि प्रदान गरिने भएको छ । नेपाल सरकारको बजेट भाषणमा समेत उल्लेख भएको यो कार्यक्रमले मूर्तरूप पाएको हो । उक्त सुविधा सञ्चालनका लागि अस्पतालको सूची समेत तयार गरिएको छ । सूचीकृत अस्पतालमा भर्ना भई सञ्चयकर्ता वा पति तथा पत्नीको उपचार गराएमा मात्र सोधभर्ना गरिने छ ।



कोषले सामाजिक सुरक्षा अन्तर्गत स्वास्थ्य उपचार सुविधा बाहेक काजकिरिया अनुदान, सुत्केरी एवं शिशु स्याहार खर्च र दुर्घटना क्षतिपूर्ति वापत रकम प्रदान गर्दै आएको छ । गत आ.व. मात्र सामाजिक सुरक्षा बापत कोषले सञ्चयकर्तालाई रू ३७ करोड ५० लाख रकम प्रदान गरेको थियो ।


# सामाजिक सुरक्षामा २५ करोड बढी रकम वितरण



चालु आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा कोषले कुल १२ हजार ७ सय ७५ सञ्चयकर्तालाई २५ करोड ३३ लाखभन्दा बढी रकम प्रदान गरेको छ । सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा अन्तर्गत साधारण रोगतर्फ २ हजार २ सय १२ सञ्चयकतालाई ८ करोड १२ लाख, घातक रोगका लागि ४ सय ७० सञ्चयकर्तालाई ७ करोड ४३ लाख प्रदान गरिएको छ । त्यसैगरी सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत ९ हजार ६ सय ९१ जनालाई ७ करोड २६ लाख, काजकिरिया अनुदान सुविधा ३४६ जनाका आश्रित परिवारलाई १ करोड १२ लाख र दुर्घटना क्षतिपूर्ति सुविधा अन्तर्गत ५६ जना सञ्चयकर्ता वा आश्रित परिवारलाई रू. १ करोड १२ लाख प्रदान गरिएको हो ।

# ७ लाख बढी सञ्चयकर्ताको व्यक्तिगत विवरण KYC अद्यावधिक

आर्थिक वर्ष २०८०/०८१ को पौष मसान्तसम्म ३२ हजार ३ सय भन्दा बढी सञ्चयकर्ताको KYC अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । यससँगै हालसम्म ७ लाख ३७ हजारको संख्यामा सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक भइसकेको छ । त्यसमध्ये सक्रिय सञ्चयकर्ताको संख्या ५ लाख बढी रहेको छ । त्यसैगरी २०८० साउनदेखि पुससम्ममा १९ सय २२ Office KYC अद्यावधिक गरिएको छ । यसैसँग हालसम्म कुल १८ हजार ४ सयभन्दा बढी OFFICE KYC अद्यावधिक भएको छ । कोषले प्रदान गर्ने सबै सेवा सुविधा उपयोगको लागि KYC अनिवार्य गरिएको छ ।




# अन्तरक्रिया कार्यक्रम सम्पन्न

सञ्चयकर्ता सेवा विभागद्वारा सैनिक आर्थिक प्रशासन निर्देशनालय जंगी अड्डा छाउनीमा २०८० पुस ६ गते एक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । लेखा प्रशासनसँग आबद्ध कर्मचारीहरूको सञ्चालित लेखासम्बन्धी तालिमका क्रममा कोषबाट प्रवाह हुने कोषका सेवा सुविधाका सम्बन्धमा र ती सेवा सुविधा प्राप्त गर्ने मापदण्ड र प्रक्रिया लगायत कोषका विविध विषयहरूमा उक्त विभागका सहायक प्रबन्धकद्वय बाबुराम गन्धर्व र राम नारायण चौधरीले जानकारी गराउनु भएको थियो ।



# केवाइसी अद्यावधिकीकरण



सञ्चयकर्ता सेवा विभागद्वारा २०८० कार्तिक २० गते श्री नं. २६ बाहिनी अड्डा भकुन्डेबेसीमा नयाँ नियुक्त तालिमरत सैनिक जवानहरूको नयाँ KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ । सो अवसरमा करिब १३० जना सञ्चयकर्ताको KYC अद्यावधिक गरिएको थियो । सो को लागि उक्त विभागका सहायक प्रबन्धक गोपाल सुवेदी र राम नारायण चौधरी सहभागी हुनु भएको थियो ।

## सामाजिक सुरक्षा सुविधा मापदण्डमा परिमार्जन



कोषले सुत्केरी तथा शिशु स्याहार योजना लगायतका सामाजिक सुरक्षा सुविधाका मापदण्डमा परिमार्जन गरेको छ । सुत्केरी तथा शिशु स्याहार सुविधा प्राप्त गर्नका लागि कोषकट्टी भएको ६ महिना अवधि भएको तथा ३ महिनादेखि नियमितरूपमा सञ्चयकोष जम्मा भएको हुनु पर्दछ । त्यसैगरी काजकिरिया अनुदान पहिले ६ वर्षभित्र दाबी गर्नु पर्नेमा हाल १ वर्ष गरिएको छ ।

## विद्युतीय परिचयपत्र




कोषद्वारा आ.व. २०८०/८१ को पौष मसान्तसम्म १५ हजार ४ सय १३ जनालाई विद्युतीय परिचयपत्र प्रदान गरिएको छ । यसैसँग हालसम्म ३४ हजार २ सय ५० जना सञ्चयकर्तालाई विद्युतीय परिचय पत्र वितरण गरिएको छ ।

## IT Policy कार्यान्वयनमा

**Employees Provident Fund,**
**Information Technology Policy, 2080**

कोषमा Emptoyees Provident Fund, Information Technology Policy, 2080 कार्यान्वयनमा आएको छ । यो नीति सञ्चालक समितिबाट पुस १६ गते स्वीकृत भई लागू भएको हो । सूचना प्रणालीको विश्वसनीयता, गोपनीयता र सुरक्षाका लागि यस नीतिले ठुलो टेवा दिने विश्वास लिइएको छ ।

## कोष व्यवस्थापन विभागमा पौडेल



कोष व्यवस्थापन विभागको विभागीय प्रमुखमा नगेन्द्र पौडेललाई जिम्मेवारी प्रदान गरिएको छ । उहाँलाई कोषको मुख्य प्रबन्धकमा कायम मुकायम मुकरर गरी विभागीय प्रमुखको जिम्मेवारी सहित सो विभागमा पदस्थापन गरिएको हो । यस अघि उहाँ योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागमा वरिष्ठ प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्थ्यो ।

# कोष र नेपाल टेलिकमबीच सम्झौता



कोष र नेपाल टेलिकमबीच मंसिर १८ गते एक सम्झौता सम्पन्न भई कोषले सञ्चालन गरेको योगदानमा आधारित निवृत्तभरण तथा उपदान योजनामा सो कम्पनी सहभागी हुने सहमति भएको छ । सम्झौता पत्रमा कोषका तर्फबाट प्रशासक जितेन्द्र धिताल तथा कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले हस्ताक्षर गर्नुभएको हो । यससँगै सम्झौता अनुसार वि.सं. २०६६ कार्तिक १ गते पछि नेपाल टेलिकममा स्थायी नियुक्ति भएका कर्मचारीलाई सार्वजनिक निकायका कर्मचारीको निवृत्तिभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७ बमोजिम आजीवन निवृत्तिभरण योजनामा सहभागी हुनेछन् ।

नेपाल सरकारको संघीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले हालसम्म १६ वटा संस्थासँग सम्झौता गरिसकेको छ ।

# API मार्फत् बैंकिङ्ग कारोबार विवरण आदानप्रदान गर्ने सम्झौता

कोष र कृषि विकास बैंकबीच Application Programming Interface मार्फत् bank statement तथा transaction विवरणहरू स्वचालित रूपमा कोषको प्रणालीमा प्राप्त गर्न सकिने सम्बन्धमा सम्झौता भएको छ । बैकसँग हुने वित्तीय कारोबारको विवरण API मार्फत संकलन गर्नको लागि मिति २०८० पुस २३ गते कोष र बैंकबीच Non Disclousure Agreement- NDA गरिएको हो । सम्झौतामा कोष व्यवस्थापन विभागका विभागीय प्रमुख नगेन्द्र प्रसाद पौडेल तथा कृषि विकास बैंकको Marketing & Sales विभागका विभागीय प्रमुख श्री बिना शर्माले हस्ताक्षर गर्नुभएको थियो ।

सम्झौतापछि कोषले अब कृषि विकास बैंकबाट API मार्फत् bank statement तथा transaction विवरणहरू स्वचालित



रूपमा कोषको प्रणालीमा प्राप्त गर्न सक्दछ । API मार्फत Data प्राप्त गर्न सकिने बैंकहरूको संख्या अब ११ पुगेको छ ।

# शाखा कार्यालय कोहलपुर

## अन्तरक्रिया कार्यक्रम सम्पन्न



शाखा कार्यालय कोहलपुरबाट सञ्चयकर्ताहरूलाई कोषको सेवा सुविधाहरूको बारेमा जानकारी गराउने उद्देश्यले आर्थिक बर्ष २०८०/०८१ को पहिलो ६ महिनामा २ वटा अन्तरर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

शाखाले लुम्बिनी प्रदेश प्रहरी अस्पताल बांकेमा प्रदेश प्रहरी




अस्पताल प्रमुख तथा अन्य वरिष्ठ प्रहरी अधिकृतहरू र सकल प्रहरी जवानहरूका बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । उक्त कार्यक्रममा शाखा कार्यालय कोहलपुरबाट प्रवाह हुने सेवा सुविधाहरूको बारेमा जानकारी गराउनुका साथै कोषले लागू गरेको स्वास्थ्य उपचार सोधभर्ना कार्यक्रमको बारेमा विस्तृत रूपमा जानकारी गराइएको थियो । उक्त कार्यक्रममा प्रहरी अस्पताल प्रमुख श्री अच्युत बिक्रम हमाल र अन्य वरिष्ठ अधिकृतहरूको सहभागिता रहेको थियो भने कोषको तर्फबाट उप-प्रबन्धक नविन पौडेल, सहायक प्रबन्धक टेक बहादुर के.सी. र सहायक प्रबन्धक उमेशराज भट्टले प्रस्तुतीकरण एवं सञ्चयकर्ताहरूको जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा करिब ४० जनाको सहभागिता रहेको थियो ।

त्यस्तै दाङको घोराहीस्थित माउण्ट भ्यू स्कुलमा उक्त स्कुलका प्राचार्य लगायत करिब ७५ जना शिक्षक एवं कर्मचारीहरूको उपस्थितिमा कोषले शाखा कार्यालयबाट प्रवाह गरेका सापटी सुविधाहरू, सामाजिक सुरक्षा सुविधाहरू र अन्य सेवाहरूको बारेमा सहभागीहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रम पश्चात करिव ६५ जना सञ्चयकर्ताहरूको अनसाईट KYC अद्यावधिक गर्ने कार्य पनि सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा कोषको तर्फबाट उप प्रबन्धक नविन पौडेल र सहायक प्रबन्धक टेक बहादुर के.सी.ले प्रस्तुतीकरण दिनु भएको थियो ।

# सेवा केन्द्र धनकुटा

## केवाइसी अद्यावधिकीकरण

सेवा केन्द्र धनकुटाद्वारा मिति २०८० पुस ९ गते भोजपुरस्थित नेपाली सेनाको श्री नयाँ श्रीनाथ गणमा ९१ जना संचयकर्ताको onsite KYC अद्यावधिकीकरण गर्नुका साथै कोषले प्रदान गर्ने सेवासुविधा बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्य सम्पन्न गर्न शाखाका सहायक प्रबन्धक, देवानन्द बैजनाथ, मोहम्मद अकमल आलम, प्रमुख सहायक रामशरण थापा र सहायक अभय निरौला उक्त गणमा जानु भएको थियो ।



# शाखा कार्यालय बुटवल

## कोषबारे विविध जानकारी प्रदान



शाखा कार्यालय बुटवलद्वारा मिति २०८० कार्तिक २२ मा श्री नं. २ सैन्य तालिम केन्द्र, सैनामैना, रुपन्देहीमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । सो कार्यक्रममा शाखा कार्यालय बुटवलका कर्मचारीद्वारा श्री नं. २ सैन्य तालिम केन्द्रमा तालिमरत नेपाली सेनाका सैन्य कर्मचारीहरूलाई कोषको परिचय, उपयोगिता, कोषले सन्चयकर्ताहरूलाई प्रदान गर्ने सुविधाहरू तथा प्राप्त गर्ने प्रक्रिया, व्यक्तिगत KYC लगायतका विषयमा अभिमुखीकरण गर्नुका साथै सहभागीहरूका विभिन्न जिज्ञासाहरूको बारेमा सम्बोधन गरिएको थियो ।

# रूकुम पश्चिम र सल्यानमा कोषसम्बन्धी अन्तरक्रिया




शाखा कार्यालय सुर्खेतको आयोजनामा पौष २६ मा नेपाली सेनाको चण्डीदल गण रूकुम पश्चिम सल्लेमा कोषले प्रदान गर्ने सेवा प्रवाहसम्बन्धी अन्तरक्रिया तथा सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । उपसेनानीत्रय दुर्गा केसी, दिलिप पौडेल र अभिमानसिंह थापाको कमान्डमा नेपाली सेनाको सल्ले ब्यारेकमा कार्यरत २८ जना र नयाँ भर्ना भएका सैन्य ८० जनाको सहभागिता रहेको थियो । त्यसैगरी नेपाली सेनाको सिद्धिबक्स गण सीमखर्क ब्यारेक सल्यानमा समेत कोषको सेवा प्रवाहसम्बन्धी सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । सेनानी चेतन पौडेलको कमान्डमा ब्यारेकमा कार्यरत उपसेनानी कुमार प्रसाद दाहाल लगायत २९ जना र नयाँ भर्ना भएका सैन्य १०५ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा कोषको शाखा कार्यालय सुर्खेतका उपप्रबन्धक भरत कुमार साउदले कोषका सेवासुविधामा भएका अद्यावधिक परिवर्तन तथा नेपाली सेनासँगको कोषको ऐतिहासिक अन्तरसम्बन्ध रहेको जानकारी मन्तव्यमा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा कोषले प्रवाह गर्ने वित्तीय सेवा तथा सामाजिक सुरक्षा सुविधा र त्यसको प्राप्त गर्ने प्रक्रियाका बारेमा समेत अन्तरक्रिया कार्यक्रममा जानकारी दिइएको थियो । उक्त कार्यक्रमकम उपप्रबन्धक भरत कुमार साउद, प्रमुख सहायक दीपक शर्मा, सहायक दशरथ पुनका साथै सञ्चयकर्ता सेवा विभाग, ठमेलका सहायक प्रबन्धक जीतबहादुर राउतको समेत संलग्नता रहेको थियो ।

# स्थलगत केवाइसी सम्पन्न




शाखा कार्यालय सुर्खेतबाट नेपाली सेनाको चण्डीदल गण सल्ले ब्यारेक रूकुम पश्चिममा स्थलगत केवाइसी अपडेट गर्ने कार्य सम्पन्न गरिएको छ । ८० जना नयाँ तथा २८ जना पुराना गरी कुल १०८ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको हो । त्यसैगरी नेपाली सेनाको सिद्धिबक्स गण सीमखर्क ब्यारेक, सल्यानमा स्थलगत केवाइसी अपडेट गर्ने कार्य सम्पन्न गरिएको छ । १०५ जना नयाँ तथा २९ जना पुराना गरी १३४ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको थियो ।

# अन्तरक्रिया कार्यक्रम




शाखा कार्यालय हेटौंडाद्वारा मिति २०८० मंसिर २८ गते मकवानपुरगढी गाउँपालिका सामुदायिक विद्यालयहरूसँग शारदा माध्यामिक विद्यालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । गाउँपालिका क्षेत्रका विद्यालय प्रशासन हेर्ने प्रमुखको सहयोग र समन्वयमा शाखा कार्यालय प्रमुख हरि कृष्ण कार्की तथा सहायक प्रबन्धक अतुल बास्कोटाबाट कोषको सेवा सुविधा, धितोमा आधारित सापटी तथा डिजिटल फाँटवारीका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो । उक्त कार्यक्रममा मकवानपुरगढी गाउँपालिका क्षेत्र अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरूमा कार्यरत प्रधानाध्यापक, शिक्षक, लेखामा काम गर्ने लेखा प्रमुख तथा प्रतिनिधिहरू गरी करिब ७३ जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो ।

# डिजिटल परिचय पत्र वितरण सुरू

शाखा कार्यालय हेटौडाले मिति २०८० मंसीर २१ गतेदेखि शाखाबाट डिजिटल परिचय पत्र प्रिन्ट गर्ने कार्य सुरू गरेको छ । सञ्चयकर्ताहरूको लागि पहिलो डिजिटल परिचय पत्र यस शाखाका कार्यालय प्रमुख हरि कृष्ण कार्कीबाट वितरण गर्ने कार्य सुरू गरियो । उक्त कार्यका लागि सञ्चयकर्ता सेवा विभाग ठमेलका वरिष्ठ प्रबन्धक राजेन्द्र लामिछानेको नेतृत्वमा कोषको KYC महाशाखा, सूचना प्रविधि विभागबाट समेत कर्मचारीहरूको प्रतिनिधित्व भएको थियो ।



# सेवा–सुविधाबारे जानकारी प्रदान

शाखा कार्यालय हेटौडाद्वारा मिति २०८० मंसीर १२ गते  खैरहनी नगरपालिका चितवनमा एक अन्तरकिया कार्यक्रम सञ्चालन गरिएको छ । जनजीवन माध्यमिक विद्यालयको सभाहलमा भएको उक्त अन्तरक्रिया कार्यक्रममा खैरहनी नगरपालिका क्षेत्रअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रधानाध्यापक, शिक्षक, लेखामा काम गर्ने कर्मचारी तथा प्रतिनिधिहरू गरी ५३ जना सञ्चयकर्ताको सहभागिता रहेको थियो । कार्यालय प्रमुख हरि कृष्ण कार्की, सहायक प्रबन्धक अतुल बास्कोटालगायत अन्य कर्मचारीहरूको समेत उपस्थिति रहेको सो कार्यक्रममा कोषले प्रदान गर्ने सेवा सुविधा, डिजिटल फाँटवारी तथा कोषद्वारा प्रदान गरिने धितोमा आधारित कर्जाको बारेमा जानकारी प्रदान गरिएको थियो ।

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




शाखा कार्यालय पोखराद्वारा मिति २०८० मंसिर २१ गते पोखरा-५ मालेपाटनस्थित सशस्त्र प्रहरी बलको कालिका गणमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रममा उपस्थित कालिका गणमा कार्यरत गणप्रमुख र लेखाप्रमुख लगायतका सञ्चयकर्तालाई कोषका प्रतिनिधि कर्मचारीहरू-सहायक प्रवन्धक महेन्द्र पन्थी तथा विकास ज्ञवालीले कालिका गणको विद्यासदन सभाहलमा कोषको सेवा सुविधा, सापटी, KYC र डिजिटल परिचयपत्रसम्बन्धी जानकारी प्रदान गर्नुका साथै सञ्चयकर्ताबाट राखिएका जिज्ञासाहरूका उत्तर समेत दिइएको थियो । उक्त कार्यक्रममा करिब १०० जनाको उपस्थिति थियो ।

## सञ्चय कोष आवास क्षेत्रको प्रवेशद्वार उद्घाटन




२०८० पौष २७ मा पोखरास्थित सञ्चय कोष आवास क्षेत्रको प्रवेशद्वारको उद्घाटन गरिएको छ । कोषद्वारा पोखरा-१७, बिरौटास्थित ३५ रोपनी जग्गामा निर्माण गरी कोषका सञ्चयकर्तालाई बिक्रीवितरण गरिएको कुल ११२ वटा आवासीय भवनहरूको सुरक्षाका निम्ति आवासक्षेत्रको प्रवेश मार्गमा मुख्य प्रवेशद्वार निर्माण गर्ने सम्बन्धमा कोषको शाखा कार्यालय पोखरा तथा सञ्चय कोष आवास उपभोक्ता समितिबीच मिति २०८० आश्विन १६ मा द्विपक्षीय सम्झौता भएको थियो । उक्त सम्झौताअनुरूप कोषसमेतको आर्थिक सहयोगमा गार्डरूम तथा डिजिटल बोर्डसहितको नवनिर्मित मुख्य प्रवेशद्वारको शाखा कार्यालयका कर्मचारीहरू, संचयकोष आवास उपभोक्त समितिका पदाधिकारी, संचयकोष टोल विकास तथा उक्त आवास क्षेत्रका उपभोक्ताको उपस्थितिमा शाखा कार्यालय प्रमुख मदन सुवेदीद्वारा उद्घाटन भएको थियो ।



# सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय विराटनगरद्वारा मोरङ्ग जिल्लाको जहदा गाँउपालिकामा पौष २२ गते सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । कार्यकारी अधिकृत सुरेन्द्र कुमार यादवको प्रमुख आतिथ्यतामा मिति २०८० पौष २२ गते सो गाँउपालिका अन्तर्गत रहेका ३० वटा विद्यालयका प्रतिनिधि प्रधानाध्यापक, शिक्षक तथा लेखापालहरू, जहदा गाँउपालिकामा कार्यरत कर्मचारीहरूबीच कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धमा जानकारी प्रदान गरिनुका साथै कोषबाट सेवा सुविधा लिँदा सञ्चयकर्ताको तर्फबाट भोगेका समस्या समाधान गर्ने उद्देश्यले सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।




जहदा गाँउपालिकाको शिक्षा समन्वय इकाइको समन्वयमा शाखा कार्यालय विराटनगरबाट आयोजित उक्त कार्यक्रममा शाखा कार्यालय विराटनगरबाट कार्यालय प्रमुख राम शरण अर्याल, सहायक प्रबन्धक अरविन निरौला, प्रमुख सहायक (अन्य) रामचन्द्र पोखरेल, सहायक विवेक मिश्रको सहभागिता रहेको थियो भने जहदा गाँउपालिकाको तर्फबाट उक्त गाँउपालिकाका शिक्षा समन्वय प्रमुख दिपक खनाल, विभिन्न ३० वटा विद्यालयका प्रधानाध्यापक, लेखापाल तथा जहदा गाँउपालिकाका कर्मचारीहरू समेत गरी ५५ जना सञ्चयकर्ताको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा सहायक प्रवन्धक अरविन निरौलाले कोषबाट प्रदान गरिने सेवा सुविधा, Individual KYC लिने तरिका, Office KYC लिने तरिका, Online विशेष सापटी लिनको लागि पूरा गर्नुपर्ने प्रकिया, Connect IPS बाट सापटी भुक्तानी गर्ने तरिका, Digital फाँटवारी पठाउने तरिका र सञ्चयकर्ताको Individual KYC मा भएको विवरणसँग PAN मा भएको विवरण, बैंक खातामा भएको विवरण तथा मोवाइल सिमकार्डमा भएको विवरण Match नभएको अवस्था, सोको कारण, त्यसले सेवा प्रवाहमा गर्ने असर र सो विवरण सच्याउनको लागि पुरा गर्नुपर्ने प्रक्रियाको बारेमा प्रस्तुतीकरण गरिएको थियो ।

सञ्चयकर्ताको उत्साहजनक सहभागिता रहेको उक्त कार्यक्रममा सञ्चयकर्ताको जिज्ञासा सम्बन्धमा कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको व्यवस्था, आयकर ऐन, २०५८ मा भएको व्यवस्था सञ्चयकोषको नीति, कोष रकममा प्रदान गर्ने ब्याज, सापटीमा लिने ब्याज र कोषको समग्र आम्दानीको बाँडफाँडको सम्बन्धमा जानकारी प्रदान गर्दै शाखा कार्यालय प्रमुखले सञ्चयकर्ताको जिज्ञासाको समाधान गर्नु भयो ।

सञ्चयकर्ताको जिज्ञासा र सो सम्बन्धमा शाखा कार्यालयबाट सहभागि कर्मचारीले कोषको समग्र सेवा सुविधाको विषयमा जानकारी प्रदान गरेपश्चात् जहदा गाँउपालिकाका कार्यकारी प्रमुख सुरेन्द्र कुमार यादवले कोषको समग्र लगानी तथा कोषबाट प्रदान हुने सापटीमा सञ्चयकर्ताको तर्फबाट भुक्तानी गर्ने ब्याजसमेतको सम्पूर्ण आम्दानीबाट कोषको समग्र खर्च कट्टा गरी हुन आउने मुनाफा रकमबाट विभिन्न सामाजिक सुरक्षाका योजनाहरू सञ्चालन हुने तथा बाँकी मुनाफा रकम सञ्चयकर्तालाईनै फिर्ता हुने भएकाले सञ्चयकोषबाट उपलब्ध हुँदासम्म सापटी सुविधा सञ्चयकोषबाट नै लिदाँ सञ्चयकर्तालाई फाइदा हुने तथा यसबाट प्रदान गर्ने सेवा सुविधामा वृद्धि हुँदै गइरहेकोले सञ्चयकोष हाम्रो नै सस्था रहेकोले कर्मचारी सञ्चयकोषलाई सफल बनाउन हामी सबैले मिलेर सहयोग गर्नुपर्ने धारण राख्नु भयो ।

# सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम



शाखा कार्यालय धनगढीले मिति २०८० मंसिर १२ मा कैलाली जिल्लास्थित सशस्त्र प्रहरी बल, बडिमालिका जवान तालिम शिक्षालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । अन्तरक्रिया कार्यक्रममा शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख सन्तोष पौड्याललले कोषले प्रदान गर्ने सञ्चयकर्ता सापटी, कर्जा र सामाजिक सुरक्षा लगायत सुविधा र सो प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा प्रस्तुतीकरण र प्रमुख सहायक रूपराज शर्माले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा करिव ६० जना तालिमरत जुनियर अधिकृतहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी जुनियर अधिकृतहरूले कोषको सेवा र सुविधा सम्वन्धमा राखेको जिज्ञाशा तथा गुनासोलाई सम्बोधन गरिएको थियो ।

उक्त कार्यक्रमको प्रमुख अतिथिको रूपमा रहनुभएका शसस्त्र प्रहरी नायब उपरिक्षक मिन राज भट्ट र सशस्त्र प्रहरी निरिक्षक मोहन राज भट्टले कोषले प्रदान गर्ने सेवा सुविधा सम्वन्धमा जानकारी प्रदान गर्नु भएकोमा कर्मचारी सञ्चय कोषलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।




# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

## (१) कोषका कार्यालयहरु :

**(क) केन्द्रीय कार्यालय:** पुल्चोक, ललितपुर

**(ख) मुख्य कार्यालय :** त्रिदेवीमार्ग, ठमेल
लगनखेल, ललितपुर

**(ग) शाखा कार्यालय:** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी

**(घ) सेवा केन्द्र:** धनकुटा, सिंहदरबार र लगनखेल

## (२) संख्यात्मक विवरण :

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ८२ हजार | २७ हजार ६ सय |
| निवृत्तभरण कोष | ६३ हजार ३ सय | ३ हजार २ सय |

## (३) आ.व. २०७९/८० को वित्तीय अवस्था :

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष तथा बचत | दायित्वहरु | कूल स्रोत | कुल लगानी | अनुमानित बचत |
|---|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ४६१.७८ | ६.५१ | ३८.१० | ५.६५ | ५१२.०४ | ५०३.७४ | ४.७२ |

## (४) वित्तीय सुविधाहरु :

(क) **ब्याज तथा मुनाफा:** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याज दर (आ.व. २०८०/८१ को): ७.५ प्रतिशत मुनाफा(आ.व. २०७८/७९ को): १.२० प्रतिशत

**(ख) सापटी सुविधा:**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | सरल चक्रकर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | रु.१ करोड सम्म | रु.१०-२५ लाखसम्म | रु.३० लाखसम्म | रु.२५ लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर (आ.व. २०८०/८१ को लागि) | ८.६० प्रतिशत | ९.२५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत |

(ग) **ब्याजमा छुट:** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशतले विन्दुले छुट दिने व्यवस्था गरिएको ।

## (५) सामाजिक सुरक्षा सुविधाहरु:

(क) **सञ्चयकर्ता स्वास्थ्य उपचार योजना :** सञ्चयकर्ता वा निजको पति वा पत्नीको साधारण रोग उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू.१ लाखसम्म र घातक रोग उपचारको हकमा सेवा अवधिभरिमा अधिकतम रु. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।

(ख) **सुत्केरी तथा शिशु स्याहार सुविधा :** प्रति प्रसूति रु.७,५०० (नोकरी अवधिमा २ पटक)

(ग) **दुर्घटना क्षतिपूर्ति योजना :** निज वा निजको हकवालालाई रु. २ लाखसम्म

(घ) **काजक्रिया अनुदान :** हकवालालाई रु.४० हजार ।

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६